# प्रथम गाउँसभाका निर्णयहरु

लाहुराम थारु
अध्यक्ष

निर्णय नं. १: प्रथम गाउँ सभामा उपाध्यक्ष श्रीमती धनी कुमारी खत्रीद्वारा प्रस्तुत यस गाउँपालिकाको आ. व. २०७४/०७५ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रम गाउँसभा सदस्य तथा सरोकारवालाहरुबाट प्राप्त सुझावहरु समेटी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.२: वार्षिक गाउँ विकास योजना २०७४/०७५ को लागी स्वीकृत गरिएका कार्यक्रम तथा बजेट कार्यान्वयनका लगी प्रश्तावा गरिए बमोजिमको आन्तरिक आय , राजश्व बाँडफाँड एवं केन्द्रबाट प्राप्त हुने अनुदान का कार्यक्रम अनुमोदन गरियो । स्वीकृत कार्यक्रम बजेट थपघट हुन गएमा कानून बमोजिम थपघट, हेरफेर तथा संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.३: गत आ.व मा गाउँपालिका निर्वाचन हुनु अगाडी कार्यकारी अधिकृतबाट र प्रथम गाउँसभा हुनुभन्दा अगाडी चालु आ.व.मा गाउँ कार्यपालिका बैठकबाट गरिएका सम्पूर्ण निर्णयहरु समर्थन सहित अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.४: गत आ.वमा साविक स्थानीय निकायबाट सम्पादन भएका विकास निर्माणका कार्यक्रममध्ये क्रमागत आयोजनाहरुलाई आवश्यकता र औचित्यको आधारमा निरन्तरता दिई बजेट व्यवस्थाका लागी सम्बन्धित निकायहरुमा पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ५: यस गाउँपालिका अन्तगत कार्यरत साविक स्थाननिय निकायको स्वीकृत दरबन्दीमा रहेका सबै कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरियो ।

| क्र.सं. | नाम,थर | लिंग | पद | तह,श्रेणी | नियुक्तिको प्रकार | तलव स्केल | ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बुद्धिराज भण्डारी | पुरुष | वडा सचिव | सहायक चौथो | स्थायी | २२१७० | २७६९ | |
| २ | देव बहादुर के.सी. | पुरुष | वडा सचिव | सहायक चौथो | स्थायी | २२१७० | २७६९ | |
| ३ | साबितराम मौर्य | पुरुष | वडा सचिव | सहायक चौथो | स्थायी | २२१७० | ३६९५ | |
| ४ | रोशन कुमार ओली | पुरुष | वडा सचिव | सहायक चौथो | अस्थायी | २२१७० | – | |
| ५ | दिल बहादुर कुमाल | पुरुष | सामाजिक परिचालक | – | करार | १६००० | – | |
| ६ | हेमा के.सी. | पुरुष | सामाजिक परिचालक | – | करार | १६००० | – | |
| ७ | राजाराम थारु | पुरुष | सामाजिक परिचालक | – | करार | १६००० | – | |
| ८ | गंगा कुमारी ओली | महिला | सामाजिक परिचालक | – | करार | १६००० | – | |
| ९ | हरि प्रसाद थारु | पुरुष | सामाजिक परिचालक | – | करार | १६००० | – | |
| १० | डिल्ली प्रसाद | पुरुष | सामाजिक | – | करार | १६००० | – | |

लाहुराम थारु
अध्यक्ष

राप्ती सोनारी गाउँपालिका
बाँके
२०७४

लाहुराम थारु
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | थारु | | परिचालक | | | | | |
| ११ | पितराम थारु | पुरुष | कार्यालय सहयोगी | सहायक पहिलो | स्थायी | १६२३० | | ३ ग्रेड |
| १२ | कमानसिह वली | पुरुष | कार्यालय सहयोगी | सहायक चतुर्थ | स्थायी | १९८७० | १३२४ | २ |
| १३ | फत्तेसिह थारु | पुरुष | कार्यालय सहयोगी | सहायक तृतिय | स्थायी | १७३०० | | १ ग्रेड |
| १४ | जंग बहादुर थारु | पुरुष | कार्यालय सहयोगी | सहायक पहिलो | करार | १६२३० | – | |
| १५ | सिता कुमारी के.सी. | महिला | कार्यालय सहयोगी | सहायक पहिलो | करार | १६२३० | – | |
| १६ | राजकुमार थारु | पुरुष | कार्यालय सहयोगी | सहायक पहिलो | अस्थायी | १६२३० | – | |
| १७ | रामनरेश दुवे | पुरुष | कार्यालय सहयोगी | सहायक तृतिय | स्थायी | १७३०० | २७०५ | |
| १८ | सुरेन्द्र बर्मा | पुरुष | मुखिया | सहायक तेश्रो | करार | १४५०० | – | |
| १९ | बिष्णु प्रसाद थारु | पुरुष | स्थानीय सहजकर्ता | – | करार | १२००० | – | |
| २० | हरिता कुमारी ओली | महिला | स्थानीय सहजकर्ता | – | करार | १२००० | – | |
| २१ | होम सुर्य के.सी. | पुरुष | अ.स.ई. | सहायक चौथो | करार | २२१७० | – | |
| २२ | नेप बहादुर रावत | पुरुष | स्थानीय सहजकर्ता | – | करार | १२००० | – | |
| २३ | हुमा कुमारी डाँगी | महिला | कार्यालय सहायक | सहायक चौथो | करार | १२००० | – | |
| २४ | राम कुमार थारु | पुरुष | कार्यालय सहयोगी | सहायक पहिलो | करार | १६२३० | – | |
| २५ | चेत बहादुर बोहरा | पुरुष | कार्यालय सहयोगी | सहायक पहिलो | करार | १६२३० | – | |
| २६ | प्रेमकली चौधरी | महिला | मेलमिलाप संयोजक | – | करार | ८००० | – | |
| २७ | कृष्णा खडका | महिला | मेलमिलाप संयोजक | – | करार | ८००० | – | |
| २८ | रेणुका लामिछाने | महिला | मेलमिलाप संयोजक | – | करार | ८००० | – | |
| २९ | अमृता थापा | महिला | मेलमिलाप संयोजक | – | करार | ८००० | – | |

निर्णय नं.६: गाउँसभाको पूर्व तयारी,वार्षिक कार्यक्रम तयारी तथा सभा आयोजनामा खटिएका कर्मचारीहरुलाई गाउँकार्यपालिकाको बैठकले तोके बमोजिमको भत्ता तथा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.७: राप्ती सोनारी गाउँपालिकाको कार्यालय वडा नं. २ कचनापुरको साविक गाविसको कार्यालयमा रहेकोमा सोही वडाको अगैयामा सार्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.८: गाउँपालिकाको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक कार्यविधीहरु तयार गरी कार्यान्वयनमा ल्याउने र आगामी गाउँसभाबाट समर्थन गराउने जिम्मेवारी गाउँपालिकालाई सुम्पने निर्णय गरियो ।

निर्णय नं.९: नेपालको संविधान , स्थानीय तह संचालन आदेश, लगायतका कानून निती निर्देशनको अधिनमा रही राजस्व परामर्श समितीको सिफारिसमा यस गाउँपालिकाले लगाउने सक्ने कर राजस्वका

लाहुराम थारु
अध्यक्ष

दरहरु संशोधन सहित आ. व २०७४/०७५ का लागी अनुसुची १ बमोजिमको राप्ती सोनारी गाउँपालिकाको आर्थिक ऐन २०७४ पारित गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं.१०: आ.व २०७४/०७५ को बजेट कार्यान्वयन गर्नका लागी प्रशतावित विनियोजन ऐन २०७४ लाई पारित गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. ११: गाउँपालिकाको कार्यसम्पादनलाई व्यवस्थित, चुस्त दुरुस्त र विधिसम्मत बनाउन गाउँकार्यपालिकाबाट पारित भएका अनुसुचीमा राखिएका गाउँकार्यपालिका कार्यसम्पादन नियमावली २०७४ ,गाउँ कार्यपालिका कार्यविभाजन निमावली २०७४,गाउँ कार्यपालिका बैठक सञ्चालन कार्यविधी २०७४, गाउँसभा सञ्चालन कार्यविधी २०७४ लगायतका कानूनलाई गाउँसभाद्वारा अनुमोदन गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं.१२: गाउँपालिकाको सम्पूर्ण पुजीगत आयोजनाहरुबाट ३ प्रतिशत कन्टेन्जेन्सी रकम( आयोजना व्यवस्थापन खर्च) कट्टी गर्ने निर्णय गरियो ।

निर्णय नं.१३: गाउँपालिका भित्र रहेका विभिन्न किसिमका स्थानीय स्रोत साधनहरुको पहिचान गरी गाउँपालिकाले आफ्नो आम्दानीको दायरा फराकिलो बनाउँदै लैजानका लागी राजस्व सम्भाव्यता अध्ययन गर्न समेत गाउँपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.१४: प्रथम गाउँसभा सम्पन्न हुनु पूर्व गाउँपालिकाबाट भएका सबै चालू र पुजीगत खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.१५: साविक गा.वि.स.हरुमा २०५९।०४।०१ देखि हालसम्म स्वीकृत दरवन्दीमा नियुक्त भई अबिछिन्न रुपमा कार्यरत स्थानीय निकाय तर्फका अस्थायी,करार र ज्यालादारी कर्मचारीहरुलाई नियमानुसार हुनेगरी निरन्तरता दिने र लागु भएका सामाजिक परिचालन कार्यक्रम (LGCDP), सामुदायिक विकास कोष र सामुदायिक मेलमिलाप केन्द्रबाट संचालित कार्यक्रमको आवश्यकता देखिएकोले उक्त कार्यक्रमहरुलाई यस आ.वका लागी निरन्तरता दिने साथै त्यस अन्तर्गत कार्यरत कर्मचारीहरुलाई सेवा करार मार्फत काम लगाउने निर्णय गरियो ।

निर्णय नं.१६: साविक गाविसहरुमा कार्यरत स्थानीय निकाय तर्फका कर्मचारीहरुलाई चालू आ.व.का लागी निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.१७: राप्ती सोनारी गाउँपालिका प्राकृतिक साधन स्रोतले निकै सम्पन्न भएता पनि त्यसको लाभबाट यो क्षेत्रका वासिन्दाहरु वञ्चित रहेको अवस्था विद्यमान छ । यसर्थ यस क्षेत्रबाट उत्खनन हुने प्राकृतिक स्रोतसाधन ढुङ्गा,गिट्टी,वालुवा को संरक्षण एवं निगरानी गर्दै राजस्व बाँडफाँड वापत जिल्ला समन्वय समितीबाट साविक गाविसलाई प्राप्त हुनुपर्ने रोयल्टी प्राप्तिका लागी अधिकतम प्रयास गर्ने निर्णय गरियो ।

लाहुराम थारु
अध्यक्ष

निर्णय नं.१८: गाउँपालिकाको आवश्यकता र उपलब्ध श्रोतलाई आधार मान्दा जनताको बढ्दो आकांक्षा पुरा गर्न प्रश्तावित बजेट कार्यक्रम मात्र पर्याप्त नहुने भएकोले प्रदेश र केन्द्र सरकारको थप सहयोग अपरिहार्य छ । यसर्थ स्थानीय तहको बजेट कार्यक्रमले सम्बोधन गर्न नसकेका केही ठूला आयोजनाहरु सम्पन्न गर्न थप साधन स्रोत सहित सहयोग उपलबध गराउनका लागी प्रदेश सरकार र संघीय(केन्द्र) सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

क.वडा नं. २ कचनापुरदेखि ललहि गाउँ जोडने राप्ती नदीमा झोपुल
ख.वडा नं. ३ र ४ जोडने मोरंगा खोलाको लालपुर साईपुर जोडने पुल
ग.वडा नं. २ को बेलवासदेखि राजपुर जोडने परुवा खोलामा पुल
घ.वडा नं. ८ को पेरानीदेखि राजमार्ग जोडने परुवा खोलामा झोपुल
ङ.वडा नं. १ को चुना र चपरगौडी जोडने राप्ती नदीमा झोपुल
च.वडा नं. १ अमुवा र बैरीया जोडने राप्ती नदीमा झोपुल
छ. वडा नं.१ भम्का र वाराटोल जोडने राप्ती नदी
ज.वडा नं. ४ को प्रशरामपुर र गौरीगाउँ जोडने गुजरहवा नालामा पक्कीपुल
झ.घुघुवानाला वडा नं. ७ मा पक्कीपुल
ञ.वडा नं. ६ फत्तेपुरमा सेल्टरहाउस निर्माण
ट.वडा नं. ३ बैजापुरमा शीत भण्डार निर्माण
ठ.सरस्वती बिद्यालयदेखि भगौतीपुर जाने बाटोमा पक्कीपुल
ड.सिचाई नहर निर्माण एवं मर्मत वडा नं. ६,७ फत्तेपुर
ढ.वडा नं. ३ गोलीघटुवा साईपुर नालामा पुल निर्माण
ण.वडा नं. ४ कुम्भरदेखि नयाँवस्ती जोडने नालामा पुल
त.वडा नं. ३ को साईपुर बाढीग्रस्त गाउँमा सेल्टर निर्माण
थ.मुगुवा खोला वडा नं. २ मा कजवे निर्माण
द.वडा नं. ९ झिझरी खोलाको महादेवा देखि उद्दैनसम्म तटबन्धन
ध.वडा नं. ८ को पेरानीको परुवा खोलामा तटबन्धन
न.राप्ती नदी वडा न. १ मा तटबन्धन
प.बैजापुरदेखि कालाफाँटा जाने बाटोमा निर्माण
फ.बैजापुर फत्तेपुर हुँदै नेपालगंज जानेबाटो
ब.फत्तेपुरदेखि कालाफाँटा जोडने बाटो
भ.बैजापुरदेखी गर्जुनगौडी जाने बाटो निर्माण
म.चुकेनाला तटबन्ध निर्माण
य.गेरुवा खोला तटबन्ध वडा नं.९ राजमार्ग नजिक

लाहुराम थारु
अध्यक्ष

१९.यस गाउँपालिकामा कार्यक्रम संचालनार्थ बिभिन्न देहाय बमोजिमका गैर सरकारी संस्थाले कार्यक्रम पेश गरेकोले सोही बमोजिमको कार्यक्रम स्वीकृत गरियो ।

लाहुराम थारु
अध्यक्ष

| सि.नं. | संस्थाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | भेरी बातावरणीय बिशिष्टता समूह बी ग्रुप | १,३८,७७१७ /- | |
| २ | इन्सेक | ७,४४,०००/- | |
| ३ | समाज सुधार कार्यक्रम नेपाल,कोहलपुर | १३,००,०००/- | |
| ४ | साथी क्षेत्रीय कार्यालय नेपालगंज | ३,०२,३७९/- | |
| ५ | बाँके युनेस्को क्लव | ३,४८,९८०/- | |
| ६ | बाताबरण तथा ग्रामीण बिकास केन्द्र कोहलपुर | १५,००,०००/- | |
| ७ | थारु गोचाली समाज फत्तेपुर | | |
| ८ | कारितास नेपाल गुलरिया बर्दिया | ११३७५०/- | |
| ९ | नेपाल युथ फाउण्डेसन | २२,३४,०००/- | |
| १० | आई एन एफ ईन्टरनेशनल | १९,२०,०००/- | |
| ११ | मानव अधिकारका लागि जनमञ्च काठमाडौ | ८७,५००/- | |
| १२ | स्याक नेपाल | | |
| १३ | बेस नेपाल | ६,७२,२७४/- | |
| १२ | बन तथा बाताबरण संरक्षण समन्वय समिति | | |
| १३ | | | |

निर्णय नं.२०: राप्ती सोनारी गाउँपालिकाको प्रथम गाउँ सभा सफलतापूर्वक सम्पन्न गर्न अहोरात्र खटिने सम्पूर्ण पदाधिकारी एवं गाउँपालिकाका कर्मचारीहरु, महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने राजनितिक दल,गैह्र सरकारी संघ संस्थाहरुका प्रतिनिधी, राष्ट्रिय,अन्तर्राष्ट्रिय विकासका साझेदार,उद्योगी ,समाजसेवी,बुद्धिजिवि, नागरिक समाजका प्रतिनिधी लगायत सम्पूर्ण राप्तीसोनारी गाउँपालिकावासी प्रति हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

लाहुराम थारु
अध्यक्ष